नि.प्र.का. सप्तरी द.नं. २२/०४८/०४९

स.नि.हु.का.द.नं. ५/०६४/०६५

# राजविराज दैनिक

वर्ष ३५ अंक १७२ २०८२ साल माघ २४ गते शनिबार (7 Feb 2026 Saturday) मूल्य रु. ५/-

**लागु औषधको दुर्व्यसनबाट टाढा रहौं**

लागूऔषध सेवनले मानिसको शारीरिक र मानसिक स्वास्थ्य बिग्रन्छ, धन सम्पतिको वर्वाद गर्दछ, यसको प्रयोगबाट आफू, परिवार, समाज र राष्ट्रलाई नै अपुरणिय क्षति पुग्ने हुँदा यस्ता पदार्थदेखी टाढा रहौं।

**Log in : *rajbirajdainik.com.np***

*यस अंक भित्र :* २ पृष्ठमा : युवा निर्णायक भएको ... ३ पृष्ठमा : फरार कैदीबन्दी र लुटिएका हातहतियार ... ३ पृष्ठमा : काबुलको कूटनीतिक ...

# निर्वाचनबाट सहि नेतृत्व र सहि ब्यक्ती चयन हुनुपर्छ : अध्यक्ष घिसिङ




**दैनिक समाचारदाता**
**राजविराज, २३ माघ ।**

उज्यालो नेपाल पार्टीका अध्यक्ष कुलमान घिसिङले सहि व्यक्ति नेतृत्वमा आए मात्रै देशलाई सहि ट्र्याकमा ल्याउन सकिने बताएका छन् ।

उनले देशलाई सहि ट्र्याकमा ल्याउन आउँदो निर्वाचनबाट सहि नेतृत्व र सहि ब्यक्ती चयन हुनु जरुरी रहेको बताए ।

चुनावी प्रचारप्रसार तथा कार्यकर्ता संग भेटघाट गर्ने क्रममा शुक्रबार सप्तरीको राजविराज आईपुगेका उनले पत्रकार सम्मेलनको आयोजना गरी यस्तो बताएका हुन ।

उज्यालो नेपाल पार्टीका जिल्लाका चारवटै निर्वाचन क्षेत्रमा प्रतिनिधीसभा सदस्यका उम्मेदवारसहित पत्रकार सम्मेलनमा उपस्थित भएका उनले देश भित्र धेरै थोक भएपनि त्यसको उचित प्रयोग हुन नसक्दा मुलुक समृद्धिकोबाटोमा जान नसकेको जिकिर गरे ।

“श्रोत, साधन र पुंजीको सहि प्रयोग तथा नयाँ प्रविधीमा अभ्यस्त हुन नसक्दा पनी देश पछाडी परेको छ” उनले भने ।

उनले मुलुकको विकासका लागि १० वर्षे योजना समेत सार्वजनिक गरे । नेपालमा उज्यालो बनाउनका लागी विद्युतको विकास संगै अन्य पूर्वाधारको विकास, शिक्षा र स्वास्थ्यको गुणस्तर बढोत्तरी, भ्रष्टाचार मुक्त न्यायिक समाजको विकास जरुरी रहेको र त्यसका लागी काम गर्ने भन्दै राजनीतिक क्षेत्रमा सहि ब्यक्तीको चयन भएमात्र त्यो सम्भव हुने बताए ।

जेनजी आन्दोलनले उठाएका जायज माग आफ्नो पार्टीले सम्बोधन गर्ने प्रतिवद्धता जनाउँदै उनले राष्ट्रिय परिवर्तन पार्टी संग तालमेल गरी चुनावी मैदानमा होमिएको जानकारी दिए । उनले मुलुकले चाहेको नयाँ शक्ती आफुहरु नै भएको दाबी गरे । जनताले देशमा एउटा नयाँ शक्तीशाली पार्टी गठन होस भनेर चाहेको छ, उनले भने-त्यो नयाँ शक्ती र पार्टी हामी हौं, बाकि सबै पुराना हुन ।”

उनले जनताको भावना अनुसार राष्ट्रिय स्वतन्त्र पार्टीसंग सहकार्य गर्ने इमान्दार प्रयास भएपनि हाम्रो सदासयतालाई कमजोरी ठान्दा तालमेल हुन नसकेको स्पष्ट पारे ।

“रास्वपा संग भएको सहमती कार्यान्वयन होला भनेर १२ दिन सम्म प्रतिक्षा गर्‍यौं, तर कार्यान्वयन हुन नसक्दा सहकार्य हुन सकेन” उनले भने ।

पत्रकार सम्मेलनमा राष्ट्रिय प्रजातन्त्र पार्टी सप्तरीका पूर्व अध्यक्ष गुजाई दास सो पार्टी परित्याग गरी उज्यालो नेपाल पार्टीमा प्रवेश गरेका थिए । उनलाई फुलमाला र दोसल्ला ओढाई अध्यक्ष घिसिङले स्वागत गरेका थिए ।

# साठी जिल्लाको मतपत्र छपाइ सकिँदा प्याकिङको काम धमाधम

काठमाडौँ, २३ माघ (रासस) ।

निर्वाचन आयोगले विभिन्न २५ जिल्लाको प्रत्यक्षतर्फको मतपत्रको छपाइ तथा प्याकिङ सम्पन्न भइसकेको जनाएको छ ।

आयोगले उपलब्ध गराएको विवरणअनुसार डोल्पा, मुगु, जुम्ला, कालिकोट, हुम्ला, जाजरकोट, दैलेख, रुकुम (पश्चिम भाग), सल्यान, सुर्खेत, बाजुरा र अछाममको मतपत्र छपाइ र प्याकिङको काम सम्पन्न भएको छ ।

यस्तै, बझाङ, डोटी, डडेल्धुरा, दार्चुला, बैतडी, कैलाली, कञ्चनपुर, पाँचथर, इलाम, तेह्रथुम, भोजपुर, ओखलढुङ्गा, सुनसरी गरी जम्मा २५ जिल्लाको मतपत्र छपाइ र प्याकिङ सम्पन्न भइसकेको छ । साठी जिल्लाको मतपत्र पनि छपाइ सम्पन्न भइसकेको छ तर, प्याकिङको काम भने बाँकी छ ।

आयोगका अनुसार मतपत्र छपाइको काम अन्तिम चरणमा पुगेको छ । प्याकिङको काम पनि क्रमशः भइरहेको छ । मतपत्र छपाइको काम जनक शिक्षा सामग्री केन्द्र लिमिटेडमा भइरहेको छ ।

समानुपातिक निर्वाचन प्रणालीतर्फको मतपत्र छपाइ सम्पन्न भइसकेको छ । समानुपातिक निर्वाचन प्रणालीतर्फ कुल दुई करोड आठ लाख ३० हजार मतपत्र छपाइ गरी प्याकिङ एवं रुजु गरेर ढुवानीका लागि तयारी अवस्थामा राखिएको छ ।

त्यसैगरी, प्रत्यक्षतर्फ दुई करोड तीन लाख २३ हजार मतपत्र छपाइ गर्नुपर्ने छ । यही माघ १६ गतेदेखि प्रत्यक्षतर्फको मतपत्र छपाइको काम सुरु भएको थियो । यस्तै, १० लाख ९८ हजार २०० बराबरको नमूना मतपत्र छपाइ गरी विभिन्न जिल्लामा पठाइसकिएको आयोगले जनाएको छ ।

# दैनिक १३ लाख मतपत्र छपाइ

भक्तपुर, २३ माघ (रासस) ।

जनक शिक्षा सामग्री केन्द्र लिमिटेड सानोठिमीले आगामी फागुन २१ गते हुने प्रतिनिधिसभाको निर्वाचनका लागि दैनिक १३ लाख मतपत्र छपाइ गरिरहेको छ ।

केन्द्रका प्रबन्ध निर्देशक यदुनाथ पौडेलले प्रत्यक्ष्यतर्फ कुल दुई करोड तीन लाख थान मतपत्र छपाइ गर्नुपर्नेमा बिहीबार साँझसम्म ८० लाख मतपत्र छपाइ सम्पन्न भएको जानकारी दिनुभयो । उहाँले दिनमा १३ लाखसम्म मतपत्र छपाइ भइरहेको र अबको एक सातामा सबै मतपत्र छपाइ सम्पन्न गरी ‘प्याकिङ’को काम गरिने बताउनुभयो ।

प्रबन्ध निर्देशक पौडेलले भन्नुभयो, “केन्द्रले छपाइ सम्पन्न गरेको १० लाख नमूना मतपत्र, निर्वाचन आयोगले विभिन्न ठाउँमा पुर्‍याइसकेको छ । दुई करोड आठ लाख ३० हजार समानुपातिकतर्फको मतपत्र छपाइ गरी ‘प्याकिङ’ सम्पन्न गरिसकेको छ । प्रत्यक्षतर्फको मतपत्र छपाइ यसै महिनामा सम्पन्न गर्छौं ।”

उहाँले समानुपातिकतर्फको मतपत्र यही माघ २५/२६ गतेदेखि ढुवानीको काम सुरु हुने र महिनाको मसान्तसम्म प्रत्यक्षतर्फको मतपत्र छपाइ सकेर फागुनको १/२ गतेसम्म सबै काम सकेर जिल्लामा ढुवानी हुने बताउनुभयो ।

प्रतिनिधिसभा सदस्य निर्वाचनको प्रत्यक्षतर्फ ६० निर्वाचन क्षेत्रका लागि ८० लाख थान मतपत्र छपाइ सम्पन्न भएको जनाइएको छ । “समानुपातिकतर्फको दुई करोड आठ लाख ५४ हजार ८०० प्रति मतपत्र छपाइ सम्पन्न गरी माघ १२ गतेदेखि प्रत्यक्षतर्फको दुई करोड तीन लाख २३ हजार मतपत्र छपाइ सुरु गरिएको छ । आगामी फागुन ३ गतेभित्र सबै निर्वाचन क्षेत्रमा मतपत्र पठाइसक्ने निर्वाचन आयोगको योजनाअनुसार केन्द्रले काम गरिरहेका छ”, पौडेलले भन्नुभयो ।

आयोगले निर्वाचनका लागि आवश्यक पर्ने ३७ प्रकारका सामग्री सम्बन्धित जिल्ला निर्वाचन कार्यालयले नै खरिद गर्ने व्यवस्था गरेको जनाइएको छ ।

# जिल्लामा आचारसंहिताको गम्भीर उल्लंघन भइरहेको छ : नेवि संघ



**दैनिक समाचारदाता**
**राजविराज, २३ माघ ।**

नेपाल विद्यार्थी संघ सप्तरीले जिल्लामा निर्वाचन आचारसंहिताको गम्भीर उल्लंघन भइरहेको भन्दै शुक्रबार प्रमुख निर्वाचन कार्यालयमा ध्यानाकर्षण पत्र बुझाएको छ ।

नेवि संघका जिल्ला अध्यक्ष राकेश ठाकुरको नेतृत्वमा गएको एक टोलीले ध्यानाकर्षणपत्र बुझाएको हो ।

निर्वाचनलाई स्वच्त्र, निष्पक्ष र धाँधलीरहित वातावरणमा सम्पन्न गराउने उद्देश्यका साथ ध्यानाकर्षणपत्र बुझाइएको संघका अध्यक्ष ठाकुरले बुझाएको ध्यानाकर्षणपत्रमा उल्लेख छ ।

जिल्लाका विभिन्न स्थानहरुमा विशेष गरी जनमत पार्टी, राष्ट्रिय स्वतन्त्र पार्टी ( रास्वया), जसपा, स्वाभिमान पार्टी लगायतका दलहरुबाट आचारसंहिता विपरीत गतिविधिहरु भइरहेको, व्यानर र झण्डाको दुरुपयोग, सार्वजनिक स्थल तथा विद्युतको पोल एवं निजी घरहरुमा तोकिएको मापदण्ड विपरीतका ठूला व्यानर र झण्डाहरुको व्यापक प्रयोग भइरहेको ध्यानाकर्षण पत्रमा दाबी गरिएको छ ।

यस्तै प्रचार-प्रसारका नाममा ठूला-ठूला साउन्ड सिस्टम, माइक लगायतको प्रयोगले ध्वनि प्रदूषण भइरहेको तथा त्यसले जनजीवन

***बाँकी अन्तिम पृष्ठमा***

**निर्वाचनको समयमा मतदाताले ध्यान दिनुपर्ने कुरा।**

- मतदाता नामावलीमा नाम तथा विवरण सही भए नभएको यकिन गरौं।
- तोकिएको केन्द्रमा प्रमाणसहित मतदान गर्न जाऔं।
- मतदान स्थल, केन्द्र, समय र प्रकृयाका बारेमा अरुलाई पनि जानकारी गराऔं।
- महिला, बृद्धवृद्धा, अपांगता भएका व्यक्ति र अशक्तलाई मतदान गर्न सहयोग गरौं।
- निर्वाचन आचारसंहिताका बारेमा जानकारी राखौं र अरुलाई पनि जानकारी गराऔं।
- आचारसंहिता उल्लघंन भएको देखिएमा निर्वाचन आयोग वा निर्वाचन अधिकृत वा मतदान अधिकृतलाई जानकारी गराऔं।
- कसैको डर, त्रास, धम्की वा लोभ लालचामा नपरौं/नपारौं।

निर्वाचनको निष्पक्षता कायम गर्न सहयोग गरौ र गराऔं।

नेपाल सरकार
विज्ञापन बोर्ड

# युवा निर्णायक भएको निर्वाचन

**शीतलप्रसाद महतो**

काठमाडौँ, २३ माघ (रासस)।

कुनै पनि मुलुकको युवाशक्ति त्यहाँको दिगो आर्थिक विकास र समृद्धिका लागि मेरुदण्ड मानिन्छ। युवा भन्नेबित्तिकै विद्यमान चुनौतीलाई सहजै बहन गर्न सक्ने आँट, जोस, जाँगर, साहस, क्षमता, धैर्यता, सिर्जनशीलता र उच्च आत्मविश्वासका साथ जिम्मेवार भएर मुलुक निर्माणका लागि योगदान दिइरहेको जनशक्तिको छवि आउँछ। जल्दोबल्दो ऊर्जा, सौर्य र शक्तिको प्रतीकका रुपमा रहेका युवा शक्तिसँग समाज र मुलुकको रूपान्तरण गर्न सक्ने क्षमता हुन्छ। तर नेपालका युवा शक्ति राजनीतिक अस्थिरता, रोजगारीका क्षेत्रहरुको सीमितता तथा गुणस्तरीय, सीपमूलक र आत्मनिर्भरमुखी शिक्षाका कमिका कारण अति पीडित छन्। फलस्वरुप समसामयिक राजनीति गहिरो पुनःसंरचनाको चरणमा प्रवेश गरिरहेको सङ्केत पछिल्ला महिनाहरूमा स्पष्ट देखिन्छर।

सडक आन्दोलन, सामाजिक सञ्जालमा व्यापक बहस र राज्यप्रतिको खुला असन्तुष्टिले वर्तमान राजनीतिक संरचनामाथि गम्भीर प्रश्न उठेका छन्र। विगत चार दशकदेखिको चरम दुःख र यो मुलुकको दिशाहीनतालाई चिर्न जेनजीले गरेको विद्रोहलाई अहिले चुनावमार्फत सम्बोधन गर्न खोजिँदैछ। आगामी फागुन २१ गते हुने प्रतिनिधिसभा सदस्य निर्वाचनमा युवापुस्ताको भूमिका राजनीतिक बहसको केन्द्रमा छर।

मुलुकको राजनीतिक दलका लागि सबैभन्दा ठूलो चुनौती नै युवालाई विश्वस्त पार्नु होर। विगतका निर्वाचनमा युवाको सहभागिता अपेक्षाकृत कम रहेको तथ्य स्मरणीय छर। 'सबै दल उस्तै' भन्ने निराशाजन्य सोचका कारण धेरै युवा मतदाता निर्वाचन प्रक्रियाबाट टाढा रहेका थिएर। तर गत भदौ २३ र २४ को जेनजी आन्दोलनले देखाएको चेतना र सक्रियताले अहिले यो धारणामा परिवर्तन हुँदै गएको देखिन्छ। यो आन्दोलनले युवाले अब मौन बस्ने होइन, निर्णय प्रक्रियामा हस्तक्षेप गर्ने सङ्केत दिएका छन्र। फलस्वरुप पछिल्लो समय राजनीतिको गति र प्रक्रियामा युवा वर्ग निर्णायक भएका देखिएका छन्र। युवाले के चाहन्छन् भन्ने चर्चाबिना कुनै पनि बहसले पूर्णता नपाउने स्थिति उत्पन्न भएको छर।

राजनीतिमा युवाको संलग्नता बढ्नुपर्छ भन्ने आवाज बलियो बन्दै गएको कारण यसअघि दलीय राजनीतिबाट टाढा रहेको ठूलो समूह राजनीतिको केन्द्रमा आइपुगेका छन्र। त्यसको प्रभाव दलहरूले दिएको उम्मेदवारीमा समेत परेको छर। उनीहरूले युवा उम्मेदवारलाई प्राथमिकता दिएको पनि देखिन्छर। तर पनि, युवा उमेर समूहको जनसङ्ख्या र उम्मेदवारबीच सन्तुलन कायम हुन सकेको छैन्।

नेपाल सरकारले १६ देखि ४० वर्ष र संयुक्त राष्ट्रसङ्घले १५ देखि २४ वर्षको जनशक्तिलाई युवा मानेको छ। २०६८ सालको जनगणनाअनुसार नेपालमा कुल जनसङ्ख्याको ४०.३५ प्रतिशत रहेको युवाको हिस्सा २०७८ सालमा बढेर ४२.५६ प्रतिशत पुगेको हो। राष्ट्रिय निर्वाचन आयोगका अनुसार प्रतिनिधिसभा सदस्य निर्वाचनका लागि कुल मतदाता एक करोड ८९ लाख तीन हजार ६८९ कायम भएको छ। मतदाताको सङ्ख्यामा पनि युवाकै बाहुल्यता देखिन्छ। कुल मतदातामध्ये १८ देखि ४० वर्ष उमेर समूहका मतदाता ५२ प्रतिशत छन्। यद्यपि युवा १६ वर्षदेखि मानिए पनि संविधानले १८ वर्ष पुगेकालाई मात्र मतदान अधिकार दिएको छ। परिवर्तन र विकासका संवाहक, उन्नतिको आधारशिला तथा मुलुकको दिगो विकास र समृद्धिका प्रमुख स्रोत र साधनसमेत रहेका युवा मतदाताको प्रभावलाई अस्वीकार गर्न सकिँदैन।

यस वर्षको प्रतिनिधिसभा सदस्य निर्वाचनमा प्रत्यक्षतर्फ तीन हजार ४०६ जनाले उम्मेदवारी दिएका छन्र। तीमध्ये १८ देखि ४० वर्ष उमेर समूहका उम्मेदवार ३१ प्रतिशत मात्र रहेका छन्।

त्यस्तै निर्वाचनमा उम्मेदवारी दिएकामध्ये ३६ देखि ५० वर्षको वर्चस्व देखिन्छ। कुल उम्मेदवारमध्ये ४६.२१ प्रतिशत यो उमेर समूहका छन्र। त्यस्तै २५ देखि ३५ वर्ष समूहका १६.७३ प्रतिशत, ५१ देखि ६५ वर्ष उमेर समूहका ३१.२९ प्रतिशत र ६५ वर्षभन्दा माथिका ५.७७ प्रतिशत उम्मेदवार छन्र।

जेनजी आन्दोलनपछि विशेषगरी २५ देखि ३५ वर्ष उमेर समूहका युवा उम्मेदवारको सङ्ख्या बढ्ने अपेक्षा गरिएको थियोर। तर, त्यस्तो देखिएनर। यसबाट प्रमुख राजनीतिक दलहरूमा राजनीतिक स्थान बनाइसकेका नेताहरूले नै उम्मेदवार बन्नका लागि अवसर पाएको देखिन्छ। दलहरूले नयाँ पुस्तालाई उम्मेदवार बनाउन र नयाँ पुस्ता स्वयंले पनि आफैँ उम्मेदवार बन्नका लागि पहल नलिएको पनि देखिन्छर।

समग्रमा, २५ देखि ५० वर्ष उमेर समूहका उम्मेदवारको सङ्ख्या करिब ६३ प्रतिशत रहेको छ। यो तथ्याङ्कलाई उत्साहजनक मानिए पनि तल्लो उमेर समूहको उम्मेदवारी भने खासै हुन सकेको छैनर। जेनजी आन्दोलनको मुख्य मागमध्ये राजनीतिमा पुस्तान्तरण पनि एक थियोर। त्यसैले दलहरूले कुन-कुन उमेर समूहका उम्मेदवार उठाए भन्ने सबैको चासोको विषय हो। तर उम्मेदवारको सूची हेर्दा भने पाका उमेरकै उम्मेदवारको बाहुल्य भएको देखिन्छ। विशेषगरी नेपाली कांग्रेस, नेकपा एमाले र नपाली कम्युनिष्ट पार्टी (नेकपा) जस्ता मुख्य दलहरूले टिकट वितरण गर्दा पाका उमेरका उम्मेदवारलाई नै प्राथमिकता दिएको निर्वाचन आयोगको तथ्याङ्कले पुष्टि हुन्छ।

कांग्रेस, एमाले र नेकपामा ४० वर्षमुनिका उम्मेदवारको उपस्थिति अत्यन्त न्यून रहेको छर। १६५ निर्वाचन क्षेत्रमध्ये कांग्रेसले ४० वर्षमुनिका सात जनालाई मात्रै चुनावी मैदानमा उम्मेदवार बनाएको छ। कांग्रेसबाट उम्मेदवार बनेकामध्ये सबैभन्दा कान्छो ३२ वर्षीय योगेश गौचन थकाली हुनुहुन्छ। उहाँले मुस्ताङबाट प्रतिनिधिसभा सदस्यका लागि उम्मेदवारी दिनुभएको छ।

त्यस्तै, काठमाडौँ-४ बाट ३३ वर्षीय सचिन तिमल्सेनाले उम्मेदवारी दिनुभएको छ। कांग्रेसका १६५ उम्मेदवारमध्ये झन्डै एक तिहाइ अर्थात् ५५ जना उम्मेदवार ६० वर्षभन्दा बढी उमेर समूहका छन्र। कांग्रेसबाट सबैभन्दा पाका उम्मेदवार ७७ वर्षीय टेकप्रसाद गुरुङ हुनुहुन्छर। उहाँले चितवन-३ बाट उम्मेदवारी दिनुभएको छ।

निर्वाचन आयोगका अनुसार कांग्रेसमा ४० देखि ५० वर्ष उमेर समूहका उम्मेदवार ३२ जना रहेको छ भने ५० देखि ६० वर्ष उमेर समूहका ७१ जना उम्मेदवार रहेको छ।

यसैगरी नेकपा एमालेको अवस्था पनि करिब त्यस्तै रहेको देखिन्छ। एमालेका १६४ उम्मेदवारमध्ये करिब ३३ प्रतिशत अर्थात् ५४ जना ६० वर्षभन्दा माथि उमेर समूहका छन्र। एमालेका उम्मेदवारमध्ये सबैभन्दा जेठो उमेरका उम्मेदवार ७८ वर्षीय जालिम मियाँ मन्सुरीले पर्सा-४ बाट उम्मेदवारी दिनुभएको छ। एमालेमा २७ वर्षीय अमनिशकुमार यादव सबैभन्दा कान्छो उम्मेदवार हुनुहुन्छ। उहाँ सर्लाही-४ बाट उम्मेदवारी दिनुभएको छ। एमालेको उम्मेदवारी सूचीमा ४० वर्षमुनिका १२ जना मात्रै हुनुहुन्छ। त्यस्तै ४० देखि ५० वर्ष उमेर समूहका उम्मेदवार ३२ जना र ५० देखि ६० वर्ष उमेर समूहका उम्मेदवार ६६ जना रहनुभएको छ।

यस्तै, नेकपाका १६४ उम्मेदवारमध्ये ४० वर्षमुनिका १३ जना मात्र हुनुहुन्छ। सो पार्टीका सबैभन्दा कान्छो उम्मेदवार २७ वर्षीय अजय कुशवाहा बारा-४ बाट उम्मेदवारी दिनुभएको छ। बाँकी उम्मेदवार ४० वर्षभन्दा माथि उमेर समूहका हुनुहुन्छ। नेकपामा ३९ जना उम्मेदवार ६० वर्ष नाघेका हुनुहुन्छ। तीमध्ये सर्लाही-२ बाट ८८ वर्षीय महिन्द्रराय यादव सबैभन्दा पाका उम्मेदवार हुनुहुन्छ।

त्यस्तै जसपा नेपालका ९४ उम्मेदवारमध्ये ११ जना ४० वर्षमुनिका हुनुहुन्छ भने ४० देखि ५० वर्ष उमेर समूहका ३९ जना र ५० देखि ६० वर्ष उमेर समूहका २७ जना उम्मेदवार चुनावी प्रतिस्पर्धामा हुनुहुन्छ। जसपामा १७ जना उम्मेदवार ६० वर्षभन्दा माथि उमेर समूहका हुनुहुन्छ।

राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) सहितका नयाँ राजनीतिक दलले युवालाई उल्लेख्य स्थान दिएको छ। रास्वपाका १६३ उम्मेदवारमध्ये झन्डै ४० प्रतिशतअर्थात् ६५ जना उम्मेदवार ४० वर्षमुनिका हुनुहुन्छ। तीमध्ये १२ जना उम्मेदवार ३० वर्षभन्दा मुनिका हुनुहुन्छ भने ५३ जना ३० देखि ४० वर्ष उमेर समूहका हुनुहुन्छ। निर्वाचन आयोगका अनुसार रास्वपाका ५० जना उम्मेदवार ४० देखि ५० वर्ष उमेर समूहका हुनुहुन्छ छन्र। त्यस्तै ४६ जना उम्मेदवार ५० देखि ६० वर्ष उमेर समूहका हुनुहुन्छ। रास्वपामा ६० वर्षमाथि तीन जना मात्रै उम्मेदवार हुनुहुन्छ। यस्तै उज्यालो नेपाल पार्टीका कुल १०५ उम्मेदवारमध्ये ४० जना ४० वर्षभन्दा कम उमेर समूहका हुनुहुन्छ। निर्वाचन आयोगका अनुसार उज्यालो नेपालमा २९ जना उम्मेदवार ४० देखि ५० वर्ष उमेर समूहका हुनुहुन्छ भने ५० देखि ६० वर्ष उमेर समूहका २७ जना उम्मेदवार हुनुहुन्छ। यो पार्टीका नौ जना उम्मेदवार मात्रै ६० वर्षमाथिका हुनुहुन्छ। त्यस्तै श्रम संस्कृति पार्टीका कुल १०९ उम्मेदवारमध्ये ३५ जना ४० वर्षभन्दा कम उमेरका हुनुहुन्छ। सो पार्टीबाट सबैभन्दा कान्छो उम्मेदवार २६ वर्षीय पङ्कजकुमार ठाकुरले सिरहा-४ बाट उम्मेदवारी दिनुभएको छ। सो पार्टीमा ६ जना मात्रै ६० वर्षमाथिका उम्मेदवार हुनुहुन्छ। बर्दिया-२ बाट उम्मेदवारी दिनुभएका ७४ वर्षीय मानबहादुर वैराग सो पार्टीका सबैभन्दा ज्येष्ठ उम्मेदवार हुनुहुन्छ।

वास्तवमा युवाको सक्रियता लोकतन्त्रका लागि सकारात्मक सङ्केत होर। निर्वाचनलाई केबल सत्ता हस्तान्तरणको प्रक्रिया मात्र नभई युवाको बदलिँदो राजनीतिक चेतना पनि होर। विगतमा राजनीतिक उदासीनताको आरोप खेप्दै आएको युवा वर्ग आज नीति, नेतृत्व र प्रणालीमाथि प्रश्न उठाउन अग्रपङ्क्तिमा देखिन थालेका छन्र। यही परिवर्तन आसन्न प्रतिनिधिसभा निर्वाचनको सबैभन्दा निर्णायक तत्व बन्ने सङ्केत गरेको होर।

आसन्न निर्वाचनको अर्को महत्वपूर्ण पक्ष डिजिटल राजनीति पनि होर। नेपालमा इन्टरनेट पहुँच ७० प्रतिशतभन्दा बढी पुगेको छभने सामाजिक सञ्जाल प्रयोगकर्तामध्ये बहुसङ्ख्यक युवा नै छन्र। टिकटक, फेसबुक, युट्युब र एक्स (ट्विटर) अब केवल मनोरञ्जनका माध्यम होइनन्, राजनीतिक विमर्शका मुख्य प्लेटफर्म पनि बनेका छन्र। यसले परम्परागत चुनावी अभियानको स्वरूप नै परिवर्तन गरिदिएको छर। ठूला सभा, पोस्टर र नाराभन्दा छोटा भिडियो, तथ्यको जाँच, विगतको अभिलेख र सार्वजनिक बहस प्रभावकारी बन्दै गएका छन्र।

जेनजी मतदाताले उम्मेदवारको इतिहास, व्यवहार र विश्वसनीयतालाई 'डिजिटल' माध्यमबाट सजिलै मूल्याङ्कन गरिरहेका छन्र। यसले चुनावी राजनीतिमा पारदर्शिता बढाएको छ, तर दलहरूका लागि चुनौती पनि थपेको छर। अहिले नेतृत्वमा उदाउन खोज्नेले युवा पुस्ताको सपनालाई आर्थिक दृष्टिकोणबाट सम्बोधन गर्न सक्नुपर्छ। त्यो भनेको यो मुलुकमा उत्पादन बढाउनुपर्छ। ठूलठूला उद्योगको स्थापनाका लागि सरकार र राजनीतिक नेतृत्वले उत्प्रेरणात्मक, निश्चर्यतात्मक र अभिभावकीय भूमिका खेलिनुपर्नेमा त्यसो हुन सकेको छैन। युवा शक्ति नै राष्ट्रको आधारस्तम्भ भएकाले यो शक्तिलाई सही दिशामा सदुपयोग गरेमा मात्र युवा पलायन रोकी मुलुकलाई समृद्धितर्फ डोऱ्याउन सकिन्छ। यसका साथै समृद्धिमैत्री आधुनिक प्रविधिसँग आत्मसात् गर्ने नौलो सीप तथा दक्षतामा रमाउन चाहने युवालाई आर्थिक विकासको मेरुदण्डका रुपमा समाहित गर्नुपर्ने आजको आवश्यकता छ।

हुन त प्रत्येक सरकारले मुलुकको आर्थिक समृद्धि तथा सामाजिक रूपान्तरणको अभिभारा युवाको काँधमा सुम्पिएको भनिए पनि उनीहरूको समस्याप्रति चासो दिएको छैन। युवाहरू अनेकथरी समस्याको चक्रव्यूहमा फसेका देखिछन्। श्रम स्वीकृति लिने नेपालीको सङ्ख्या वार्षिक सात/आठ लाखको हाराहारीमा रहेको तथ्याँक छ। तीमध्ये ठूलो हिस्सा १८-३५ वर्ष उमेर समूहका युवा हुन्र। सरकारी सेवामा सीमित पहुँच हुँदा तथा निजी क्षेत्रमा स्थायित्व र तलबको 'ग्यारेन्टी' नहुँदा पर्याप्त रोजगारी सिर्जना हुन सकेको छैन। बेरोजगार भएपछि अधिकांशले विदेशतर्फको बाटोमा लम्किन्छन्। प्रत्येक दिन दुई हजार युवा वैदेशिक रोजगारीका लागि बाहिरिन्छन् भने कतिपय युवा उच्च शिक्षका लागि विदेश गई उतै पलायन भइरहेका छन्। युवामैत्री लगानीको अभाव र लैङ्गिक, क्षेत्रीय, जातीय असमानताका कारण युवाहरू पलायन हुन बाध्य भएका छन्। यसरी रोजगारीका लागि विदेशिन बाध्य हुनु भनेको आर्थिक पलायनका लागि मात्र होइन, राजनीतिक अविश्वासको मौन जनमत पनि होर। चुनावका बेला 'देशमै अवसर सिर्जना' भन्ने नारा दोहोरिए पनि व्यवहारमा युवाले त्यसको प्रत्याभूति गर्न पाएका छैननर। विदेशमा रहेका लाखौं युवाले मतदान गर्न पाउने व्यवस्था नहुनु पनि लोकतान्त्रिक प्रतिनिधित्वको गम्भीर कमजोरी पनि होर। यदि उनीहरूको मत समावेश हुन सकेको भए, निर्वाचन परिणाम र राजनीतिक सन्तुलनमा ठूलो प्रभाव पर्न सक्थ्यो होला।

युवाको विकासका लागि बनाइएको नीति प्रभावकारी रूपले कार्यान्वयन गरी युवाका समस्या सम्बोधन र अवस्थामा सुधार ल्याउनेतर्फ राज्यको ध्यान नपुग्दा पिछडिएको वर्ग र क्षेत्रका युवाको राज्यका केन्द्रीय निकायमा प्रतिनिधित्वसमेत न्यून छ। श्रमबाट मात्रै समृद्धि आउने हुँदा मुलुकको उन्नतिका लागि श्रम गर्न सक्ने सबैभन्दा बढी क्षमता र सम्भावना भएका युवाको उचित परिचालन हुनुपर्छ। तर त्यो हुन सकेको छैन्। सार्थक सहभागिता, क्षमता र नेतृत्व विकासका माध्यमबाट युवालाई राष्ट्रिय विकासको मूलधारमा समाहित गर्दै समृद्ध, आधुनिक र न्यायपूर्ण नेपाल निर्माण गर्न युवाको भूमिका र उनीहरूमा अन्तर्निहित क्षमतालाई गुणात्मक बनाउने लक्ष्यका साथ यो नीति कार्यान्वयनमा ल्याइएको हो। यसरी जेनजी पुस्ताको असन्तुष्टि भावनात्मकभन्दा पनि संरचनागत देखिन्छर। बेरोजगारी यसको प्रमुख कारण होर।

पछिल्लो समय मुलुकमा देखिएका युवा केन्द्रित आन्दोलनहरू, स्वतःस्फूर्त प्रदर्शन र सामाजिक सञ्जालमा उठेका बहसहरूले एक नयाँ राजनीतिक ऊर्जा सिर्जना गरेका छन्र। तर यो ऊर्जा संस्थागत राजनीतिमा रूपान्तरण हुन सकेको छैनर। राजनीतिक दलभित्र आन्तरिक लोकतन्त्रको अभाव पनि होर। युवा नेताहरू दलभित्रै निर्णायक तहमा पुग्न नसक्दा, सक्षम युवा राजनीतिको बाहिर धकेलिएका छन्र। यसले युवामा 'दलभित्र छिरेर परिवर्तन सम्भव छैन' भन्ने सोच बलियो बनाएको छर। त्यसैले आसन्न निर्वाचनमा राजनीतिक दलहरूको सबैभन्दा ठूलो परीक्षा युवालाई विश्वस्त पार्नु होर। घोषणापत्रमा रोजगारी, सुशासन, डिजिटल अर्थतन्त्र र शिक्षा सुधार समावेश गर्नु मात्र पर्याप्त हुँदैनर। युवाले अब 'के गर्ने' भन्दा 'कसरी र कहिले' भन्ने प्रश्न सोधिरहेका छन्र। पछिल्ला निर्वाचनमा देखिएको स्वतन्त्र र वैकल्पिक उम्मेदवारप्रतिको आकर्षण पनि यही असन्तुष्टिको परिणाम होर।

यस पटकको निर्वाचन अघिल्ला निर्वाचनभन्दा फरक हुन सक्ने सङ्केत देखिन थालेका छन्र। युवा मतदाता जात, क्षेत्र वा पार्टी पहिचानभन्दा नीति, चरित्र र कार्यसम्पादनका आधारमा मतदान गर्न इच्छुक देखिन्छन्र। यसलाई 'समस्या केन्द्रित मतदान' को प्रारम्भिक चरणका रूपमा बुझ्न सकिन्छर। यदि यो प्रवृत्ति संस्थागत भयो भने यसले नेपालको समावेशी लोकतन्त्रलाई सबल, सुदृढ र जनताको विश्वास आर्जनमा महत्वपूर्ण योग्दान पुऱ्याउन सक्छर। आसन्न प्रतिनिधिसभा सदस्य निर्वाचन नेपालका लागि केवल अर्को चुनाव होइन, पुस्तागत राजनीतिक सङ्क्रमणको निर्णायक मोड होर। जेनजीले उठाएको प्रश्न, प्रस्तुत गरेको विकल्प र देखाएको सक्रियताले आगामी राजनीतिक दिशा तय गर्नेछर। युवालाई केवल मतदाता होइन, नीति साझेदारका रूपमा स्वीकार गर्नसके मात्र निर्वाचन लोकतन्त्र सुदृढीकरणको माध्यम बन्न सक्छर।


डा. भगवती यादव
Dr. Bhagwati Yadav
MBBS, MD Paediatrics (USC)
NMC Reg. No. : 11389
नवजात शिशु तथा बाल रोग विशेषज्ञ

डा. सरोज कुमार साह
Dr. Saroj Kumar Sah
MBBS, MS Orthopaedics (BPKIHS) Dharan
Fellowship in Hand Surgery (CMC Vellore)
NMC Reg. No. : 13288
हाड जोर्नी, नशा तथा बाथ रोग विशेषज्ञ

डा. जयन्ती यादव
Dr. Jayanti Yadav
M.B.B.S. MD (Obstetrician and Gynaecologist)
हाल कार्यरत गजेन्द्र नारायण सिंह अस्पताल राजविराज
NMC Reg No. : 15312
बरिष्ठ स्त्री तथा प्रसुती रोग विशेषज्ञ

सम्पर्क : कृताञ्जली स्वास्थ्य क्लिनिक, राजविराज
Mo. No : 9842830252, 9804605569

# फरार कैदीबन्दी र लुटिएका हातहतियार फिर्ता नहुनुले भयरहित निर्वाचन हुनेमा सांसदको आशंका

काठमाडौं, २३ माघ (रासस)।

राष्ट्रियसभा सदस्यहरुले जेनजी आन्दोलनका क्रममा कारागारबाट फरार कैदीबन्दी र लुटिएका हातहतियार फिर्ता नहुनुले भयरहित वातावरणमा निर्वाचन सम्पन्न हुनेमा आशङ्का व्यक्त गर्नुभएको छ।

सभाको शुक्रबारको बैठकको विशेष समयमा सांसद जयन्तीदेवी राईले भ्रष्टाचारको अन्त्य, सुशासन कायम र सेवा प्रवाहलाई सहज बनाउनेजस्ता विषय सम्बोधन नहुँदा जेनजी आन्दोलन भएको बताउनुभयो। "ती विषयहरू पुराना राजनीतिक दलहरूलेसमेत सदनमा उठाउँदै आएका थिए, जेनजी आन्दोलनकै आधारमा पुराना दलहरूको औचित्यमाथि प्रश्न उठाउने वा उनीहरू अप्रासङ्गिक भइसकेका हुन् भन्ने गलत भाष्य निर्माण गर्न हुँदैन", उहाँले भन्नुभयो।

सांसद राईले फरार कैदी र प्रहरीबाट लुटिएका हतियार नियन्त्रणमा नआउनुजस्ता अवस्थाले भयरहित वातावरणमा निष्पक्ष निर्वाचन हुनसक्ने विषयमा गम्भीर आशङ्का उत्पन्न भएको बताउनुभयो।

सांसद रुक्मिणी कोइरालाले पनि जेनजी युवाको मागहरु जायज भए पनि आन्दोलनमा भएको घुसपैठका कारण विद्यालय पोसाकमा सरकारलाई खबरदारी गएका बालबालिका र सुरक्षाकर्मीको ज्यान जाने घटना भएको बताउनुभयो। सांसद कोइरालाले आगामी फागुन २१ मा भयरहित वातावरणमा चुनाव हुँदैन कि भनेर जनता आत्तिएको र शान्तिपूर्ण चुनाव हुनेमा आशङ्का देखिएको बताउनुभयो। "अझै पनि कैदीहरु फरार छन्, हातहतियार पनि लुटिएको अवस्थामा शान्तिपूर्ण निर्वाचन हुन्छ भन्नेमा विश्वस्त हुने ठाउँ देखिँदैन", उहाँले भन्नुभयो।

सांसद मायाप्रसाद शर्माले सार्वजनिक नीति तथा प्रत्यायोजित विधायन समितिका तर्फबाट भूकम्प प्रभावित जिल्ला जाजरकोट, रुकुम पश्चिम र सल्यानमा पुनःस्थापनामा देखिएका समस्या समाधानका लागि प्रतिवेदन पेस गरेपनि त्यसको कार्यान्वयन नभएको बताउनुभयो।

"अहिले पनि जनताहरु टहरामुनि बास बस्नुपर्ने, कष्टपूर्ण जीवनयापन गर्न बाध्य रहेका छन्, पुनःनिर्माण र पुनःस्थापनमा किन ढिलाइ भइरहेको छ ? यसमा बारम्बार छलफल गर्दा पनि चिन्ता, चासो र पदलकदमी छैन ?" उहाँले प्रश्न गर्नुभयो। सांसद् शर्माले महाकाली करिडोर, मध्यपहाडी लोकमार्गलगायत रणनीतिक विकासका आयोजनाका काम सम्पन्न गर्न सरकारले ढिलाइ गरिरहेको आरोप लगाउनुभयो।

सांसद आनन्दप्रसाद ढुङ्गानाले जेनजी आन्दोलनमा उठेका माग जायज भए पनि आन्दोलनको नाममा देशलाई विघटनमा पुऱ्याउने काम भएको बताउनुभयो। मुलुकलाई अनिश्चयको भूमरीबाट अघि बढाउन निर्वाचनको विकल्प नभएको उल्लेख गर्दै उहाँले भन्नुभयो, "कतै न कतै निर्वाचन बिथोल्ने कोसिस भइरहेको छ। यसतर्फ सबै पक्ष सतर्क हुनुपर्छ।"

सांसद गङ्गाकुमारी बेलबासेले आर्थिक समृद्धि, सामाजिक न्याय र सुशासनलाई राजनीतिक दलहरुले चुनावी घोषणापत्रमा उच्च प्राथमिकता दिनुपर्ने बताउनुभयो। गरिबी अन्त्य, रोजगारी सिर्जना, सर्वसुलभ स्वास्थ्य र शिक्षालगायत आधारभूत आवश्यकता सम्बोधन गर्ने विषय दलका घोषणापत्रमा समेटिनुपर्नेमा उहाँको जोड थियो।

"धनी गरिबको खाडल कसरी सच्याउन सकिन्छ ? विद्यालय शिक्षा र बोर्डिङको शिक्षा कसरी सच्याउन सकिन्छ ? स्वास्थ्य सुरक्षा कसरी व्यवस्था गर्न सकिन्छ ? सर्वसधारण परिवारलाई कसरी गुणस्तरीय स्वास्थ्य दिन सकिन्छ ?", बेलबासेले भन्नुभयो, "महँगी, कालोबजारी र सिण्डिकेटलाई कसरी तोड्न सकिन्छ ? आम जनतालाई कसरी रोजगारी दिन सकिन्छ भनेर दलहरुले घोषणापत्रमा राख्नुपर्छ। यो आजको आवश्यकता हो।"

हनुमाननगर कंकालिनी नगरपालिका

नगर कार्यपालिकाको कार्यालय

हनुमाननगर, सप्तरी

मधेश प्रदेश, नेपाल

आन्तरिक आय संकलन कार्य ठेक्कामा दिने सम्बन्धमा

सिलबन्दी दरभाउ पत्र आह्वानको सूचना

(दोश्रो पटक सूचना प्रकाशित मिति: २०८२/१०/२४)

यस कार्यालयद्वारा आ.व. २०८२/८३ देखि आ.व. २०८४/०८५ को लागितपसिलमा उल्लिखित आन्तरिक आय संकलनको कार्य ठेक्काद्वारा बन्दोबस्त गर्नु पर्ने भएकोले इच्छुक व्यक्ति, फर्म वा संघसंस्थाहरुले यस सम्बन्धमा विस्तृत रुपमा प्रकाशन गरिएको सूचनामा उल्लेखित नियम तथा शर्तको अधिनमा रही छुट्टाछुट्टै दरभाउ पत्र यो सूचना प्रकाशित मितिले तोकिएको मितिभित्र खरिद गरी अलग-अलग सिलबन्दी दरभाउ पत्र पेश गर्नु हुन यो सूचना प्रकाशित गरिएको छ।

शर्तहरु

१ यस कार्यालयबाट प्रकाशित सूचना अनुसार तपसिल बमोजिम ठेक्काहरुको लागि छुट्टाछुट्टै तोकिए बमोजिमको दरभाउ पत्र फाराम दस्तुर रु. १०००/-एक हजार मात्र (पछि फिर्ता नहुने गरी) बुझाई सूचना प्रकाशित मितिले १५ औं **(मिति २०८२।११।०९ गते सम्म)** दिनभित्र दरभाउ पत्र खरिद गरी १६ औं दिनको १२:०० बजेभित्र अलग-अलग सिलबन्दी दरभाउपत्र कार्यालयमा दर्ता गरी सक्नुपर्नेछ।

२ शिलबन्दी दरभाउ पत्र पेश गर्दा व्यक्ति भए नागरिकता प्रतिलिपी र फर्म वा कम्पनी भए ईजाजत पत्रको प्रतिलिपी आन्तरिक राजश्व कार्यलयबाट प्राप्त पान वा भ्याट नम्बरको प्रतिलिपी, आ.व. २०८१।०८२ को कर चुक्ता प्रमाणपत्र प्रतिलिपी, न.पा. बाट जारी भएको भए व्यवसाय दर्ता प्रमाणपत्रको प्रतिलिपी र नेपाली नागरिक भए कबोल अंकको ५ प्रतिशत धरौटी रकम नगरपालिकाको **राष्ट्रिय बाणिज्य बैंक, हनुमाननगर शाखा धरौटी खाता नं२२३०१००३०३००००२** मा जम्मा गरी सक्कलै भौचर शिलबन्दी दरभाउ पत्रमा संलग्न गर्नु पर्नेछ ।

३ दर्ता भएका सिलबन्दी दरभाउ पत्रहरु दरभाउ पत्र खोल्ने दिनको दिउँसो ४:०० बजे यस कार्यालयमा खोलिनेछ। दरभाउ पत्र खोल्दा ठेकेदार वा निजको आधिकारीक प्रतिनिधि उपस्थित हुनु पर्नेछ। ठेकेदार वा प्रतिनिधि उपस्थित नभए पनि दरभाउ पत्र खोल्न बाधा पर्ने छैन।

४ दरभाउ पत्र फाराम खरिद गर्ने,दर्ता गर्ने र दरभाउ पत्र खोल्ने दिनमा बिदा पर्न गएमा त्यसको भोलिपल्ट सोही समयमा खरिददर्ता र खोल्ने कार्य हुनेछ।

५ कबोल गरेको रकम अंक र अक्षरमा प्रष्टसंग उल्लेख गर्नु पर्नेछ। अंक र अक्षरमा फरक परेमा अक्षरलाई मान्यता दिइनेछ।

६ दरभाउ पत्र स्वीकृत पश्चात सम्झौताकै बखत कबोल रकम एकमुष्ठ बुझाएमा १०% छुट दिइनेछ।कबोल रकम किस्तामा बुझाउनका लागि सम्झौताकै बखत प्रथम किस्ता कबोल अंकको ५०%, दोश्रो किस्ता दोश्रो वर्षको पौष मसान्त भित्र ३०% र अन्तिम किस्ता तेश्रो वर्षको चैत्र मसान्त भित्रमा बुझाई सक्नु पर्नेछ ।

७ चलान पुर्जी अगावै दोश्रो र तेश्रो किस्ता बापतको बाँकी रकम बराबर धरौटी स्वरुप बैंक ग्यारेण्टी वा जग्गा धितो जमानत राख्नु पर्नेछ ।

८ बाढी लगायतका प्राकृतिक विपद तथा संकट सिर्जना भई सृजित समस्याका कारण देखाई ठेकेदार व्यक्ति ,कम्पनी र फर्मले छुट माँग गरेमा कुनै किसीमका छुट दिईने छैन ।

९ म्याद नाघी आएको,शर्त राखिएको वा रित नपुगेको दरभाउ पत्रलाई मान्यता दिईने छैन।

१० ठेक्का अवधिभर ठेक्का संचालन गर्दा यस नगरपालिकालाई कुनै किसिमको हानी नोक्सानी पुऱ्याएमा सोको हर्जना समेत ठेकेदारबाट असुल गरिनेछ।

११ सूचनामा उल्लेखित पोखरीहरुको ठेक्का स्वीकृत पश्चात पोखरीहरु जे जुन अवस्थामा छ सोही अवस्थामा लिनु पर्नेछ। पोखरीको स्वरुप,आकार प्रकारमा कुनै प्रकारको फेर बदल गर्न पाईने छैन र सम्झौता अवधी समाप्त भएपछि पोखरी सफा र व्यवस्थित गरी नगरपालिकालाई हस्तान्तरण गर्नु पर्नेछ ।

१२ दरभाउ पत्र स्वीकृत भएको जानकारी पाएको ७ औं दिनभित्र तोकिएको अंक बराबरको रकम सहित कबुलियत गर्न वा पट्टा पुर्जी लिन नआएमादरभाउ पत्र पेश गर्दा राखेको धरौटी जफत गरी अन्य व्यवस्था गरिनेछ।

१३ नगरपालिकालाई बुझाउनु पर्ने बाँकी बक्यौता रकम नबुझाएको तथा न.पा.को पेश्की बाँकी वा जिन्सी बुझाउन बाँकी रहेको व्यक्तिले ठेक्का लिन पाउने छैन। कुनै कारणवश ठेक्का स्वीकृत भएतापनि उल्लेखीत बिवरण जानकारी हुन आएमा ठेक्का बदर गरी धरौटी रकम समेत जफत गरिनेछ ।

१४ ठेक्का सम्बन्धमा कुनै किसिमको विवाद परेमा र दरभाउ पत्र स्वीकृत गर्ने वा नगर्ने सन्दर्भमाकार्यालयको निर्णय अन्तिम निर्णय हुनेछ।

१५ यो सूचनामा उल्लखित विषयहरुको हकमा यसै सूचना बमोजिम र बाँकी अन्य कुराहरुको हकमा प्रचलित ऐन, कानुन र हनुमाननगर कंकालिनी नगरपालिकाले गरेको निर्णय अन्तिम हुनेछ ।

१६ थप जानकारीका लागि कार्यालयको राजश्व शाखा ९८०४७००८११मा सम्पर्क राख्नुहुन अनुरोध गरिन्छ।

ठेक्का सम्बन्धी बिवरण

| ठेक्का नं. | नाम | न्युनतम ठेक्का कबोल अंक | वडा नं. |
|---|---|---|---|
| १६/०८२/०८३ | कोरयानिको राम जानकि पोखरी | १,५०,०००।- | ५ |
| १७/०८२/०८३ | पटवारी पोखरी | ३,००,०००।- | ६ |
| १८/०८२/०८३ | अण्डिपट्टि पोखरी | १,२०,०००।- | ६ |
| १९/०८२/०८३ | बौजनाथ पोखरी | १,४९,६००।- | ६ |
| २०/०८२/०८३ | खडगा पोखरी | ३,९३,२५०।- | ८ |
| २१/०८२/०८३ | महेन्द्र घर अगाडीको पोखरी | २,२१,१००।- | ११ |
| २२/०८२/०८३ | देता पोखरी | ४,४१,१००।- | १२ |
| २३/०८२/०८३ | धोबियाही पोखरी | १,९८,०००।- | १४ |
| २४/०८२/०८३ | छुतहरु पोखरी | १,५०,०००।- | १४ |
| २५/०८२/०८३ | महिम साह पोखरी | ७५,०००।- | १४ |
| २६/०८२/०८३ | भुतहि पोखरी | १,२०,०००।- | १४ |

## विश्व समाचार

### काबुलको कूटनीतिक दबाबपछि युएईद्वारा सय भन्दा बढी अफगान कैदीहरू रिहा

काबुल (अफगानिस्तान), २३ माघ (रासस/एएनआई)।

संयुक्त अरब इमिरेट्स (युएइ)ले अफगानिस्तानको विदेश मन्त्रालयको विशेष निर्देशन र युएईमा इस्लामिक इमिरेट्सको दूतावासको लगातार कूटनीतिक प्रयासपछि राष्ट्रिय दिवसको अवसरमा एक सय १०० भन्दा बढी अफगान नागरिकहरूलाई जेलबाट रिहा गरेको जनाएको छ।

मुक्त भएका केही व्यक्तिहरू अफगानिस्तान फर्के सकेको र बाँकीका लागि फिर्ती प्रयास भई रहेको र आवश्यक कानुनी प्रक्रिया पछि चाँडै फर्किने जनाइएको छ।

विदेश मन्त्रालयले युएई सरकार र यसका सम्बन्धित अधिकारीहरूलाई उनीहरूको सहयोगका लागि कृतज्ञता व्यक्त गर्दै विदेशमा रहेका अफगान कैदीहरूको रिहाइको अनुगमन र सुरक्षा मन्त्रालयको प्रमुख प्राथमिकता रहेको बताएको छ।

टोलो न्यूजले राजनीतिक विश्लेषक सैयद गरिबुल्लाह सादतलाई उद्धृत गर्दै यो प्रक्रियालाई थप व्यवस्थित गरि विभिन्न राष्ट्रहरूबाट अफगान नागरिकहरूलाई फिर्ता गर्न बदेश मामिला मन्त्रालय र शरणार्थी तथा स्वदेश फिर्ती मन्त्रालय विच संयुक्त समन्वय समिति गठन गर्ने प्रस्ताव गरेका छन्।

### ओबामालाई बाँदरका रूपमा चित्रण गरेको भिडियो पोस्ट

वासिङ्टन, २३ माघ (रासस/एएफपी)।

अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले बिहीबार एक चुनावी षड्यन्त्रसम्बन्धी भिडियो पोस्ट गर्नुभएको छ। भिडियोमा पूर्वराष्ट्रपति बाराक ओबामा र उहाँकी पत्नी मिशेल ओबामालाई बाँदरका रूपमा चित्रण गरिएको छ। उक्त भिडियो सार्वजनिक भएपछि प्रमुख डेमोक्रेट नेताहरूले कडा निन्दा गर्नुभएको छ।

राष्ट्रपति ट्रम्पको स्वामित्वमा रहेको ट्रुथ सोसल प्लेटफर्ममा पोस्ट गरिएको करिब एक मिनेट लामो भिडियोको अन्त्यतिर पूर्वराष्ट्रपति ओबामालाई बाँदरको शरीरमा झण्डै एक सेकेन्डका लागि अनुहारसहित देखाइएको छ।

ओबामाहरू देखिने दृश्यमा पृष्ठभूमिमा 'द लायन स्लीप्स टुनाइट' गीत बजिरहेको सुनिन्छ। उक्त भिडियोमा मतपत्र गणना गर्ने कम्पनी डोमिनियन भोटिङ सिस्टमले सन् २०२० को राष्ट्रपति निर्वाचन ट्रम्पबाट चोर्न सहयोग गरेको भन्ने झुटो आरोपलाई पुनः दोहोऱ्याइएको छ।

शुक्रबार बिहानसम्म राष्ट्रपतिको सामाजिक सञ्जाल प्लेटफर्ममा उक्त भिडियो हजारौं पटक लाइक गरिएको देखिएको थियो।

क्यालिफोर्नियाका गभर्नर गेभिन न्युसमको कार्यालयले उक्त पोस्टको आलोचना गरेको छ। न्युसम सन् २०२८ को एक सम्भावित डेमोक्रेटिक राष्ट्रपति उम्मेद्वार हुनुहुन्छ र राष्ट्रपति ट्रम्पका प्रमुख आलोचकहरूमध्ये एक मानिनुहुन्छ।

"राष्ट्रपतिको घृणित व्यवहार। प्रत्येक रिपब्लिकनले यसको निन्दा गर्नुपर्छ", न्युसमको प्रेस अफिसको आधिकारिक एक्स खातामा पोस्ट गरिएको छ।

पूर्व शीर्ष राष्ट्रिय सुरक्षा सल्लाहकार तथा बाराक ओबामाका निकट विश्वासपात्र बेन रोड्सले पनि उक्त तस्बिरको आलोचना गर्नुभएको छ।

"यो ट्रम्प र उहाँका जातिवादी अनुयायीहरूलाई सताउन दिनुहोस् कि भावी अमेरिकीहरूले ओबामालाई हाम्रो इतिहासमा दागका रूपमा होइन, प्रिय व्यक्तित्वका रूपमा अध्ययन र अँगाल्नेछन्", उहाँले एक्समा लेख्नुभएको छ।

बाराक ओबामा अमेरिकी इतिहासका एक मात्र अश्वेत राष्ट्रपति हुनुहुन्छ। उहाँले सन् २०२४ को राष्ट्रपतीय निर्वाचनमा राष्ट्रपति ट्रम्पकी प्रतिद्वन्द्वी कमला ह्यारिसलाई समर्थन गर्नुभएको थियो।

ह्वाइट हाउसमा आफ्नो दोस्रो कार्यकालको पहिलो वर्षमा राष्ट्रपति ट्रम्पले ट्रुथ सोसल तथा अन्य प्लेटफर्महरूमा अति-यथार्थवादी तर बनावटी दृश्यहरूको प्रयोगलाई निरन्तर बढावा दिनुभएको छ। ती पोस्टहरूमा प्रायः आफ्ना आलोचकहरूको निन्दा गर्दै आफूलाई महिमामण्डित गरिएको देखिन्छ।

उहाँले आफ्ना रूढिवादी समर्थकहरूलाई एकताबद्ध र सक्रिय बनाउन उत्तेजक पोस्टहरू प्रयोग गर्दै आउनुभएको छ।

गत वर्ष राष्ट्रपति ट्रम्पले आर्टिफिसियल इन्टेलिजेन्स (एआई) प्रयोग गरी बनाइएको एउटा भिडियो पोस्ट गर्नुभएको थियो, जसमा बाराक ओबामालाई ओभल अफिसमा गिरफ्तार गरिएको र सुन्तला रङको जम्पसुट लगाएर जेलमा देखाइएको थियो।

त्यसपछि उहाँले सदनका अल्पसङ्ख्यक नेता हाकिम जेफ्रीजलाई नक्कली जुँगा र सोमब्रेरो लगाइएको एआई क्लिप पनि पोस्ट गर्नुभएको थियो। जेफ्रीजले उक्त छविलाई खुला जातिवादी व्यवहारको संज्ञा दिनुभएको थियो।

ह्वाइट हाउसमा फर्किएपछि राष्ट्रपति ट्रम्पले विविधता, समानता र समावेशीकरण, अर्थात् डिइआई कार्यक्रमहरूविरुद्ध अभियान चलाएको भन्दै विरोधीहरूको आलोचना खेप्नुभएको छ।

राष्ट्रपति ट्रम्पका प्रारम्भिक निर्णयहरूमध्ये एक सङ्घीय सरकारका सबै डिइआई कार्यक्रमहरू, सेनासम्बन्धी नीतिहरू समेत, समाप्त गर्नु रहेको थियो।

उहाँले 'अवेक' पहलका रूपमा उपहास गर्नुभएको सशस्त्र फौजलाई मुक्त गर्ने अभियानअन्तर्गत अमेरिकाको भेदभावपूर्ण इतिहास समेट्ने थुप्रै पुस्तकहरू केही सैन्य एकेडेमीका पुस्तकालयका सेल्फबाट हटाइएको छ।

अमेरिकाका सङ्घीय भेदभावविरोधी कार्यक्रमहरू सन् १९६० को दशकको नागरिक अधिकार आन्दोलनबाट जन्मिएका थिए। ती आन्दोलनहरू मुख्यतः अश्वेत अमेरिकीहरूको नेतृत्वमा सयौं वर्षको दासत्वपछि समानता र न्यायका लागि सञ्चालन गरिएका थिए। सन् १८६५ मा दासत्व उन्मूलन भए पनि त्यसपछि अन्य संस्थागत स्वरूपका जातिवाद लागू भएको इतिहास रहेको देखिन्छ।

# पिएम कप प्रदेशस्तरीय छनोटमा महोत्तरी बिजयी




**दैनिक समाचारदाता**
**राजविराज, २३ माघ ।**

राजविराजमा संचालित प्रधानमन्त्री कप एकदिवसीय प्रदेशस्तरीय क्रिकेट छनोट प्रतियोगिता अन्तर्गत शुक्रबारको खेलमा महोत्तरीले धनुषालाई ६० रनले पराजित गरेको छ ।

सप्तरी क्रिकेट संघको आयोजनामा सञ्चालन भइरहेको प्रतियोगितामा टस जितेर धनुषाले पहिले फिल्डिङ रोज्दै महोत्तरीलाई ब्याटिङको निम्तो दिएको थियो । ब्याटिङको अवसर पाएको महोत्तरीले ४७ ओभर ३ बलमा सबै विकेट गुमाएर १ सय ६७ रनको बनाएको थियो ।

महोत्तरीका लागि आदित्य मण्डल र राजकुमार सहनीले समान २७/२७ रनको योगदान दिए । त्यसैगरी श्याम मण्डलले २२ रन बनाउँदा अभिषेक तिवारीले १४ रन जोडेका थिए ।

बलिङतर्फ धनुषाका हरिशंकर र विशाल सुश्लिङले ३/३ विकेट हात पारे भने अभिजित मण्डलले २ तथा अखिलेश ठाकुरले १ विकेट लिएका थिए ।

१ सय ६८ रनको लक्ष्य पछ्याउँदै मैदान उत्रिएको धनुषा महोत्तरीका बलरहरूको कसिलो बलिङका कारण २७ ओभर १ बलमै सबै विकेट गुमाएर मात्र १ सय ७ रनमा सीमित हुन पुगेको थियो । धनुषाका लागि मयन यादवले सर्वाधिक ३९ रन बनाए । श्याम रायले १७ र रूपेश यादवले १५ रन बनाउनु बाहेक अन्य खेलाडीले दोहोरो अंक पार गर्न सकेनन् ।

महोत्तरीका रमेश सहनीले ९ ओभर बलिङ गर्दै २ मेडन राखी मात्र २५ रन खर्चेर ४ विकेट हात पारे । त्यस्तै आकाश मण्डलले ३ तथा अभिषेक तिवारीले १ विकेट लिन सफल भए । उत्कृष्ट प्रदर्शन गरेका महोत्तरीका रमेश सहनी खेलको 'प्लेयर अफ द म्याच' घोषित भए ।

उनलाई सप्तरी क्रिकेट संघका सदस्य बिरेन्द्र कुमार यादवले नगद १ हजार ५ सय रुपैयाँसहित ट्र्फी प्रदान गरेका थिए ।

# मतदाता शिक्षाका लागि देशभरका सबै वडामा स्वयंसेवक खटाइने

काठमाडौँ, २३ माघ (रासस) ।

निर्वाचन आयोगले मतदाता शिक्षाका लागि देशभरका वडामा स्वयंसेवक खटाउने भएको छ ।

जिल्ला निर्वाचन कार्यालयमार्फत देशभभरका छ हजार ७४३ वटै वडामा स्वयंसेवक खटाउन लागिएको आयोगले जनाएको हो । बाल विकास सहजकर्ता, मातृ शिशु कार्यकर्ता, महिला स्वास्थ्य स्वयंसेविका वा सामुदायिक सेवा केन्द्रका परिचालकमध्ये जो अनुभवी छ, तिनैलाई मतदाता शिक्षाका लागि स्वयंसेवक नियुक्ति प्रक्रिया सुरु भएको आयोगका सहायक प्रवक्ता कुलबहादुर जिसीले जानकारी दिनुभयो ।

यसका लागि आयोगले माघ १९ गते मतदाता शिक्षासम्बन्धी कार्यक्रम स्वीकृत गरिसकेको छ । स्वयंसेवकलाई मतदाता शिक्षामै केन्द्रित गर्नेगरी परिचालन गर्न लागिएको र मत बदर नहुनेगरी स्वयंसेवकले मतदातालाई शिक्षा दिइने सहायक प्रवक्ता जिसीले बताउनुभयो ।

राष्ट्रियसभा सदस्य निर्वाचनमा खसेको मतसमेत बदर भएकाले पनि मतदाता शिक्षा दिनुपर्ने आवश्यकता आयोगले देखेको हो । मतदाता शिक्षा दिने स्वयंसेवकको छनोट र नियुक्ति गरेर सातै प्रदेशमा फागुन ३ गते अनुशिक्षण दिनेगरी तयारी गरिएको छ । अनुशिक्षणपछि फागुन पहिलो साता पुग्नेगरी देशभरका ७५३ स्थानीय तहका छ हजार ७४३ वटै वडामा खटाइने आयोगले जनाएको छ ।

# सिंहदरबारमा आगजनी गरेको बताउने गौतम पक्राउ

काठमाडौँ, २३ माघ (रासस) ।

प्रहरीले गत भदौ २४ गत जेनजी युवाहरूको प्रदर्शनका क्रममा सिङ्हदरबारमा आगजनी गरेको बताउने र आगजनी गर्न उक्साएको अभियोगमा एक जनालाई पक्राउ गरी बिहीबार सार्वजनिक गरेको छ ।

पक्राउ पर्नेमा चितवन खैरहनी नगरपालिका-९ घर भई हाल काठमाडौँ महानगरपालिका-२९ अनामनगर बस्ने ३६ वर्षीय महेन्द्र गौतम रहेका जिल्ला प्रहरी परिसर काठमाडौँका प्रवक्ता एवं प्रहरी उपरीक्षक पवनकुमार भट्टराईले जानकारी दिनुभयो । उहाँले भन्नुभयो, "भदौ २४ गते प्रदर्शनका क्रममा सिंहदरबार आगजनी गरेको बताउने र अन्य व्यक्तिलाई समेत आगजनी गर्न उक्साउने, भीडलाई उत्तेजित बनाउने अभिव्यक्ति दिने अपराधमा संलग्न निज महेन्द्र गौतमलाई पक्राउ गरिएको हो ।"

पक्राउ परेका निज गौतमविरुद्ध काठमाडौँ जिल्ला अदालतबाट आपराधिक उपद्रव गर्न नहुने कसुरमा बिहीबार पाँच दिनको म्याद थप अनुमति लिई थप अनुसन्धान कार्य भइरहेको प्रवक्ता भट्टराईले बताउनुभयो ।

# सवारीसाधनको ठक्करबाट मृत्यु भएकी बालिकाको घटनाबारे छानबिन गर्न सहयोग गर्छौं : रास्वपा

काठमाडौँ, २३ माघ (रासस) ।

राष्ट्रिय स्वतन्त्र पार्टी(रास्वपा)ले रौतहटमा चुनावी अभियानका क्रममा प्रयोग गरिएको सवारीसाधनको ठक्करबाट बालिकाको मृत्यु भएको घटनाप्रति दुःख व्यक्त गरेको छ ।

रास्वपा महामन्त्री कविन्द्र बुर्लाकोटीले शुक्रबार विज्ञप्ति जारी गर्दै घटनाको निष्पक्ष छानबिनका लागि स्थानीय प्रशासनलाई पूर्ण सहयोग गर्ने प्रतिबद्धता जनाउनुभयो । पीडित परिवारलाई न्याय दिलाउन र आवश्यक राहत उपलब्ध गराउन पहल भइरहेको विज्ञप्तिमा उल्लेख छ ।

यस्तै, चुनावी अभियानका क्रममा सवारीसाधनको प्रयोग गर्दा उच्च सतर्कता अपनाउन पार्टीपङ्क्ति, उम्मेदवार र चालकलाई कडा निर्देशन दिइएको छ । "यस कठिन र शोकको घडीमा मृतक बालिकाप्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दै शोकसन्तप्त परिवारजनमा समवेदना प्रकट गर्दछौँ", विज्ञप्तिमा भनिएको छ, "पार्टीले यस घटनालाई अत्यन्त गम्भीरताका साथ लिएको छ । घटनाको वस्तुनिष्ठ छानबिनका लागि सहयोग गर्न हामी प्रतिबद्ध छौँ । कानुनी प्रक्रिया र पीडित परिवारलाई न्याय दिलाउने सन्दर्भमा पार्टीले कुनै कसर बाँकी राख्ने छैन ।"

बिहीबार रौतहट क्षेत्र नं २ का रास्वपा उम्मेदवार शेख सगिरको चुनावी प्रचारमा हिँडेको गाडीले ठक्कर दिँदा चार वर्षीया बालिका अल्फा खातुनको मृत्यु भएको थियो ।

# निर्वाचन आचारसंहिताको अनुमगनलाई प्रभावकारी बनाउने काउन्सिलको निर्णय

काठमाडौँ, २३ माघ (रासस) ।

प्रेस काउन्सिल नेपालले सातवटै प्रदेशका प्रमुख सहरमा निर्वाचन आचारसंहिता र मिडिया विषयक कार्यक्रम गर्ने भएको छ । यस्तै निर्वाचन आचारसंहिताको अनुगमनलाई थप प्रभावकारी बनाउने भएको छ ।

काउन्सिलको त्रिपुरासुन्दरी गाउँपालिका धादिङको सल्यानटारमा सम्पन्न १२औँ बैठकले आचारसंहितासम्बन्धी अध्ययन, अनुसन्धान र जागरणलाई यस वर्ष र आगामी वर्षसमेत प्राथमिकता दिई कार्यक्रम तय गर्ने निर्णय गरेको वरिष्ठ प्रशासकीय अधिकृत एवं प्रवक्ता दीपक खनालले जानकारी दिनुभयो ।

पत्रपत्रिका मूल्याङ्कनका लागि विज्ञको रोष्टर अद्यावधिक गर्ने एवं पत्रपत्रिका वितरण सम्परीक्षणको मापदण्डलाई पुनरावलोकन गरी वर्गीकरण प्रक्रियालाई यथार्थपरक, वस्तुनिष्ठ एवं समयानुकूल बनाउन आवश्यक कार्य गरिने काउन्सिलले जनाएको छ ।

यस्तै, काउन्सिलद्वारा प्रदान गरिने विभिन्न पुरस्कारलाई थप पारदर्शी प्रभावकारी बनाउन पुरस्कारसम्बन्धी कार्यविधिमा सुधार र परिमार्जन गरिनेछ । पत्रपत्रिकासहित सञ्चारमाध्यमको अभिलेख अद्यावधिक गर्ने र अद्यावधिक गर्ने सन्दर्भमा देखिएका समस्या एवं चुनौतीलाई समाधान गर्न, अभिलेख सम्बन्धी अवधारणापत्रसहित कार्ययोजना तयार गर्ने काउन्सिलले निर्णय गरेको छ ।

बैठकले आगामी फागुन २१ मा हुने प्रतिनिधिसभा सदस्य निर्वाचनलाई स्वतन्त्र, स्वच्छ, निष्पक्ष, पारदर्शी तथा भयमुक्त वातावरणमा सम्पन्न गर्न निर्वाचन आचारसंहिता पूर्ण रूपमा कार्यान्वयन गर्न/गराउन सम्बन्धित सबैमा अपिल गरेको छ ।

# जलेश्वरमा १२० करोडको लागतमा पाँचतारे होटल निर्माण हुने

जनकपुरधाम, २३ माघ (रासस) ।

महोत्तरीको जलेश्वरस्थित प्रकौलीमा रु१२० करोडको लागतमा अत्याधुनिक पाँचतारे होटल 'साङ्ग्रिला प्रिमियर रिसोर्ट एण्ड क्यासिनो' निर्माण हुने भएको छ ।

मधेश प्रदेशको पर्यटन क्षेत्रको प्रवर्द्धन तथा विकास गर्ने उद्देश्यले सत्या समूहको लगानीमा निर्माण हुन लागेको ७५ अन्तरराष्ट्रिय मापदण्डका लक्जरी कोठा, विदेशी पर्यटकलाई लक्षित गरी अन्तरराष्ट्रियस्तरको क्यासिनो, विवाह तथा कर्पोरेट सम्मेलनका लागि अत्याधुनिक ब्याङ्क्वेटहल तथा प्रिमियम क्लब निर्माण हुनेछ ।

सो होटल निर्माणपश्चात् स्थानीय २०० भन्दा बढी युवाले प्रत्यक्ष रुपमा रोजगारी पाउने उक्त समूहका प्रबन्ध निर्देशक धर्मा मण्डलले जानकारी दिनुभयो । झण्डै २२ कट्ठा जमिनमा निर्माण हुन लागेको उक्त होटलको निर्माणका लागि ७० प्रतिशत बैंक कर्जाबाट तथा ३० प्रतिशत सत्या समूहको स्वपुँजी रहने प्रबन्ध निर्देशक मण्डलको भनाइ छ । होटलका लागि जमिनको खरिद तथा नापनक्सासमेत भइसकेको बताइएको छ ।

होटल निर्माणबारे पत्रकारहरुलाई शुक्रबार जनकपुरधाममा जानकारी दिँदै प्रबन्ध निर्देशक मण्डलले जनकपुर र जलेश्वर तथा आसपासको क्षेत्रका साथै सीमावर्ती पर्यटन तथा आगन्तुकको बसोबास र मनोरञ्जनको प्रमुख केन्द्र बनाउने दीर्घकालीन योजनाअनुसार यो होटल निर्माण गरिन लागेको हो । सो होटलको निर्माणबाट उक्त क्षेत्रमा व्यावसायिक कारोबार बढ्ने अपेक्षा गरिएको छ ।

### *जिल्लामा आचारसंहिताको ...*

प्रभावित पारेको पत्रमा उल्लेख छ ।

**आचारसहिता पालना गर्न गराउन समिति सक्रिय**

नेविसंघले ध्यानाकर्षणपत्र बुझाए लगत्तै अनुगमनमा निस्केको निर्वाचन अनुगमन टोलीले राजविराजस्थित गजेन्द्र चौकमा बसमा झुण्ड्याइएको उज्यालो नेपाल पार्टीको ब्यानर ब्यानर प्रमुख जिल्ला अधिकारी टुवराज पोखरेलले आफै निकालेका छन् । यस्तै सोही स्थानामा एक स्कारपियोबाट जसपा नेपालको झण्डा र ब्यानर समेत हटाउन लगाइएको छ । सोही स्थानबाट निर्वाचन अनुगमन टोलीले एक गाडीबाट रास्वपाको झण्डा समेत हटाउन लगाएको छ ।

यता निर्वाचन आयोगले फागुन ४ गतेदेखी १८ गतेसम्मका लागि खुल्ला रुपमा प्रचार प्रसारका साथै झण्डा, तुल, पर्चा, पम्प्लेट बितरण तथा टास गर्न भनेको छ । तर अहिले जिल्लामा व्यापक रुपमा आचारसहिताको उलंघन भइरहेकोको गुनासो आएपछि अनुगमन समितिले आचारसहिता पालना गर्न गराउन सक्रियताका साथ लागेको निर्वाचन अधिकृतको कार्यालयले जनाएको छ ।

सूचना ! सूचना !! सूचना !!!

इम्प्याक्ट नेपाल प्राथमिक कान उपचार केन्द्र, राजविराजले सम्पूर्ण उपचार सेवाहरू यही मिति २०८२।१०।१२ (26-01-2026) गतेदेखि गीता पेट्रोल पम्प अगाडीको आफ्नै नयाँ भवन इम्प्याक्ट नेपाल ठाको देवी जोगेन्द्र भगत कान उपचार केन्द्र राजविराजबाट अति अत्याधुनिक प्रविधिबाट सुविधा सहित सम्पूर्ण सेवाहरू उपलब्ध गराउने भएको सहर्ष जानकारी गराउँदछौं ।

हाम्रो सेवाहरु:
१. दैनिक कान जाँच तथा उपचार
२. विभिन्न आधुनिक मेसिनबाट कानको परिक्षण (PTA, Tympanogram, EUM)
३. कानको सुन्ने मेसिन (Hearing Aid)
४. इन्डोस्कोपी (Endoscopy)
५. कानको शल्यक्रिया (Operation)
६. फार्मेसी सेवा



सम्पर्क : ०३१-५९०००५
९८०४७४२२८०, ९८४२२७०७२४

**प्रकाशक :** नवीनकुमार गुप्ता (९८५२८२०५८४, ९८०३२८३११५), **सम्पादक :** अनिलकुमार अनल (९८४२८३४९१७), **सहसम्पादक :** दीपककुमार गुप्ता (९८४१५१३२९९), **लेआउट :** संजय शंखर,
**मुद्रण :** न्यू नवीन प्रेस, राजविराज, फोन : ०३१-५३०७६८ (कार्यालय), **इमेल :** *rajbirajdainik@gmail.com*, **वेवसाइट :** *rajbirajdainik.com.np*